# अर्थमन्त्रीले बाफिया फर्काउन सक्ने

- कान्तिपुर संवाददाता , काठमाडौं

असार २, २०७३- वित्तीय सुशासनका लागि आवश्यक विषयलाई बैंकका अध्यक्ष एवं सञ्चालकसमेत रहेका सांसदको प्रभावमा अर्थ समितिले पारित गरेको बैंक तथा वित्तीय संस्थासम्बन्धी विधेयक (बाफिया) लाई अर्थमन्त्री विष्णु पौडेलले चाहेमा फिर्ता हुन सक्ने छ ।

विधेयक सरकारले पेस गर्ने हुँदा समितिले पारित गरिसकेको उक्त विधेयक संसद्को पूर्ण बैठकमा पेस हुँदा अर्थमन्त्री पौडेलले संशोधनको आवश्यकता महसुस गरे थप छलफलका लागि पठाउन सक्ने छन् ।

'समितिले पारित गरिसकेकाले अब संशोधनका लागि ढिला त भइसकेको हो,' अर्थ समितिका सभापति प्रकाश ज्वालाले भने, 'तर, अर्थमन्त्रीले चाहेमा संशोधन हुन सक्छ ।' विधेयक पेस गर्ने अधिकारप्राप्त निकाय सरकार भएकाले अर्थमन्त्रीले संशोधन गर्न सक्ने अधिकार राख्छन् ।

करिब दशकयता छलफलमा रहेको बाफियालाई जेठ दोस्रो साता अर्थ समितिअन्तर्गत गठन भएको उपसिमितिले राष्ट्र बैंक र अर्थ मन्त्रालयले राखेका सुशासनसँग सम्बन्धित प्रावधान हटाएको थियो ।

उपसमितिको प्रतिवेदनलाई समितिले दुइ दिनमै पारित गरी संसद्को पूर्ण बैठकमा पठाउने निर्णय गर्‍यो । 'छिटो पारित गर्नुपर्ने दबाब पनि थियो र त्यतिबेला बाहिरबाट धेरै विषय नआएकाले पारित गरियो,' सभापति ज्वालाले भने, 'तर, अझै समितिमा थप छलफलका पठाउन सक्ने सम्भावना भने कायमै छ ।'

बाफियालाई अगाडि बढाउन गठन भएको उपसमितिमा एक जना बैंकका अध्यक्षसमेत रहेका सांसद इच्छाबहादुर तामाङ पनि थिए ।

उनी सिभिल बैंकका अध्यक्ष हुन् भने एमालेको कोटामा मनोनीत सांसद हुन् । उनकै लविंगमा बैंकका अध्यक्ष एवं सञ्चालकको कार्यकाल तोक्ने विषय हटाइएको एक सदस्यले वताए । उनलाई थप साथ र समर्थन बैंकका अध्यक्षसमेत रहेका सांसद उमेश श्रेष्ठ, उदय श्रेष्ठ नेपाली, वीरेन्द्र महतो लगायतले दिएका थिए ।

श्रेष्ठ प्राइम बैंक, नेपाली जनता बैंक र महतो माछापुच्छ्रे बैंकका अध्यक्ष हुन । यी सांसदले पार्टीका अन्य सांसदलाई पनि प्रभावमा पारेको देखिन्छ । वित्तीय सुशासनमा विशेष जोड दिने पूर्वअर्थमन्त्री रामशरण महत पनि कार्यकाल तोक्ने विषय राष्ट्र बैंकको अधिकार भन्दै पन्छिन खोजेका छन् ।

राजधानीमा बुधबार आर्थिक संघ र सावती नामक संस्थाले आयोजना गरेको बाफिया र बैंकको भावी दिशा विषयक कार्यक्रममा अर्थ समितिको निर्णयमा समर्थन जनाए ।

'कार्यकाल तोक्ने विषय राष्ट्र बैंकको क्षेत्राधिकार भएकाले कानुनमा भए पनि नभए पनि उसले गर्न सक्छ,' उनले भने, 'अर्थ समितिले गरेको निर्णय ठिक नभएको भन्ने धृष्टता गर्न सक्दिनँ ।' उनले अर्थ समितिको सदस्य भए पनि आफू छलफलमा सहभागी भने नभएको बताए ।

राष्ट्र बैंकका पूर्वगभर्नर विजयनाथ भट्टराईले बैंक सञ्चालक र अध्यक्ष कार्यकाल नतोक्ने हो भने सुशासनको गम्भीर समस्या हुने बताए । 'बैंक शाखा सन्तानका लागि जोगाएर राख्ने र मनपरी गर्ने संस्था होइन,' उनले भने, 'सर्वसाधारणको निक्षेप जोखिममा पार्न मिल्दैन ।'

बैंकका दुई जना प्रमुख कार्यकारी अधिकृतहरूले विधेयकमा संशोधन आवश्यक रहेकामा जोड दिए । नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ससिन जोशीले कार्यकाल तोक्ने विषय जायज भएको बताए । 'प्रमुख कार्यकारी र अध्यक्ष सञ्चालक दुवैको कार्यकाल तोकिनु राम्रो हो ।'

उनले अन्य व्यवसाय पनि गरिरहेकाहरू बैंक सञ्चालक नहुनु उपयुक्त हुने बताए । 'व्यावसायिक समूहले बैंक चलाउँदा विकृति बढ्दै गएको छ,' उनले भने, 'एक अर्काको बैंकबाट कर्जा लिने गरी व्यावसायिक समूहले 'डिल' गर्ने गरिएको पनि भेटिएको छ ।' यस्ता गतिविधिले सर्वसाधारणको निक्षेप थप जोखिममा पर्ने उनको भनाइ थियो ।

लुम्बिनी बैंकका प्रमुख कार्यकारी अधिकृत सोभनदेव पन्तले अर्थ समितिबाट गल्ती भएकाले सच्याउन सभापति ज्वालालाई आग्रह गरे ।

'यसरी वित्तीय प्रणाली बिग्रिन्छ, निर्णय सच्याउनुस्,' उनले भने । अध्यक्ष सञ्चालकहरूको मनोमानीका कारण समस्याग्रस्त अवस्थामा पुगेको लुम्बिनी बैंकको सुधारमा पन्तको महत्त्वपूर्ण योगदान छ ।